


वर्ष ४३ | अंक ५ | नेपाल राष्ट्र बैंक समाचार | माघ २०७५ | जनवरी-फेब्रुअरी २०१९

# बैंकहरूले जनविश्वास बढ्ने गरी कार्य गर्नुपर्ने – गभर्नर डा. नेपाल



गभर्नर डा. चिरंजीवि नेपालको प्रमुख आतिथ्यमा बैंक सुपरिवेक्षण विभागले २०७५ पुस १२ गते काठमाडौंमा "संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन सम्बन्धमा देखिएका प्रमुख कैफियतहरू" विषयक अन्तरक्रिया आयोजना गऱ्यो ।

कार्यक्रममा गभर्नर डा. नेपालले बैंकमा लगानीकर्ताको ५ देखि १० प्रतिशत मात्रै लगानी हुने र जनताको असीमित निक्षेप परिचालन गरी बैंकिङ व्यवसाय गर्ने भएकोले यस्तो व्यवसायको संवेदनशीलतालाई ध्यानमा राखी बैंकप्रति विश्वास बढ्ने गरी कार्य गर्न बैंकका सञ्चालकहरूलाई निर्देशन दिनुभयो ।

संस्थाको सफलतामा संस्थागत सुशासनको महत्वपूर्ण भूमिका रहने हुँदा बैंकमा संस्थागत सुशासन कायम गर्न सञ्चालकहरू लाग्नुपर्ने उल्लेख गर्दै गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको नियमन गर्दा अन्तर्राष्ट्रिय अभ्यास र मान्यताहरू अनुशरण गर्ने गरेको बताउनु भयो ।

नेपालले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना नगरे देश नै कालोसूचीमा पर्ने खतरा रहेको चर्चा गर्दै उहाँले यस विषयमा बैंकहरूले पनि विशेष ध्यान दिनुपर्ने र सञ्चालक समितिमा समेत सो बारे गहन छलफल हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपालको बैंकिङ प्रणालीलाई थप सुदृढ एवम् प्रभावकारी बनाउन बैंकका सञ्चालकहरू जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिँदै उहाँले कार्यक्रममा सहभागीहरूबाट प्राप्त राय सुझावले आगामी दिनमा नेपाल राष्ट्र बैंकलाई नीति निर्देशन तर्जुमा गर्न सहयोग पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ तथा बैंकका सञ्चालकहरू डा. श्रीराम पौड्याल, रामजी रेग्मी र डा. सुबोधकुमार कर्णको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रमको पहिलो सत्रमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले "संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन सम्बन्धमा देखिएका प्रमुख कैफियतहरू" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

डेपुटी गभर्नर श्रेष्ठको अध्यक्षतामा सम्पन्न दोस्रो सत्रमा उपर्युक्त कार्यपत्रमाथि सहभागीहरू बीच छलफल तथा अन्तरक्रिया सञ्चालन गरिएको थियो ।

अन्तरक्रियामा गभर्नर डा. नेपाल, डेपुटी गभर्नरद्वय शिवाकोटी तथा श्रेष्ठ, सञ्चालकहरू डा. पौड्याल, रेग्मी र डा. कर्णले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ कार्यकारी निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल र बैंक सुपरिवेक्षण विभागका श्रेष्ठले पनि दिनुभएको थियो ।

अन्तरक्रियामा वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

# सेयर धितो कर्जा सम्बन्धी व्यवस्थामा संशोधन

नेपाल राष्ट्र बैंकले सूचीकृत सेयर सुरक्षण राखी प्रवाह हुने कर्जा सम्बन्धी व्यवस्था संशोधन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस ११ गते जारी गरेको परिपत्र अनुसार धितोपत्र विनिमय बजारमा सूचीकृत संस्थाहरूको सेयरको धितोमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने सेयरको मूल्यांकन गर्दा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो रकमको बढीमा ६५ प्रतिशत रकमसम्म सेयर धितो कर्जा प्रवाह गर्न सकिने छ । यसअघि यस्तो सीमा ५० प्रतिशत रकमसम्म मात्र थियो ।

एक पटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको सेयरको पुनर मूल्यांकन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न नपाइने व्यवस्था भने यथावत कायम गरिएको छ ।

उक्त संशोधनले Margin Call सम्बन्धी व्यवस्था पनि परिमार्जन गरेको छ । सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले Margin Call गर्नु परेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सोको मूल्य अनुगमन गरी बढीमा ७ दिनभित्रमा निर्देशित सीमाभित्र ल्याउन ऋणी ग्राहकलाई सूचित

बाँकी ७ पृष्ठमा

# भारुमा लिन सक्ने ऋणको दायरा र सीमा वृद्धि

नेपाल राष्ट्र बैंकले नेपाली वाणिज्य बैंकहरूले तोकिएका शर्तहरूको अधीनमा रही भारतस्थित बैंक तथा वित्तीय संस्थाहरूबाट भारतीय मुद्रामा लिन सक्ने ऋणको सीमा र दायरा वृद्धि गरेको छ।

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ पुस १० गते एक सूचना जारी गरी नेपाली बैंकहरूले भारतस्थित बैंक तथा वित्तीय संस्थाहरूबाट आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशत रकमसम्म भारतीय मुद्रामा ऋण लिन सक्ने सीमालाई बढाएर ५० प्रतिशत पुऱ्याएको हो।

यसैगरी, बैंकले २०७५ साउन २३ गते लागू गरेको व्यवस्था अनुसार वाणिज्य बैंकहरूले जलविद्युत् उत्पादन तथा प्रसारण लाइन विस्तार, सडक, सुरुङ मार्ग, विमानस्थल, केबलकार, पुल जस्ता भौतिक पूर्वाधार (हाउजिङ, जग्गा विकास जस्ता रियल स्टेटको क्षेत्र बाहेक) निर्माण, विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र र लघु वित्त क्षेत्रमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि वित्तीय साधनको प्रबन्ध गर्न यस्तो ऋण लिन सक्नेमा जलविद्युतका साथै सौर्य ऊर्जा र वायु ऊर्जा सहितको नवीकरणीय ऊर्जा उत्पादन तथा प्रसारण लाइन विस्तारका लागि समेत यस्तो ऋण लिन सक्ने गरी दायरा बढाएको हो।

साथै, यसअघिका अन्य सबै व्यवस्था कायमै राखी ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क (Fee) समेत गरी ऋणको अधिकतम व्याजदर भारत सरकारले जारी गरेको पछिल्लो ३६४ दिने ट्रेजरी बिलको औसत डिस्काउण्ट दरमा अधिकतम १ प्रतिशत प्रिमियम थप गरी कायम गर्नुपर्ने व्यवस्था खारेज गरी यस्तो ऋणको अधिकतम व्याजदर MCLR (Marginal Cost of Funding based Lending Rate) मा अधिकतम १ प्रतिशतभन्दा बढी नहुने गरी तय गरेको हुनुपर्ने व्यवस्था कायम गरिएको छ।

# नयाँ जोखिम व्यवस्थापन मार्गदर्शन

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जोखिम व्यवस्थापन मार्गदर्शन २०१८ (Risk Management Guidelines for Banks and Financial Institutions 2018) जारी गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस ९ गते एक परिपत्र जारी गरी उक्त मार्गदर्शन जारी गरेको हो। नयाँ मार्गदर्शन जारी भएसँगै बैंकले यसअघि वाणिज्य बैंकहरूका लागि मात्र जारी गरिएको Risk Management Guidelines 2010 खारेज गरिएको छ।

# एकीकृत निर्देशनका विविध व्यवस्थामा संशोधन

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस ११ गते एक परिपत्र जारी गरी बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशनका विविध व्यवस्थामा संशोधन गरेको छ।

## धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धी व्यवस्था

धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धी व्यवस्था अनुरूप प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रही वाणिज्य बैंकहरूले छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्न कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने गरी सहायक कम्पनी (Subsidiary Company) मा लगानी गरी सञ्चालन गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छ।

नयाँ व्यवस्था अनुसार स्थापना हुने सहायक कम्पनीले आफूले जारी गरेको वा आफ्नो मुख्य कम्पनीले जारी गरेको धितोपत्रको कारोबार गर्न सक्ने छैन, वित्तीय स्रोत संकलन गर्ने प्रयोजनले दायित्व स्वरूप निष्काशन गर्ने कुनै पनि सुरक्षणपत्रहरूमा मुख्य कम्पनीले लगानी गर्न र सो सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह गर्न पाउने छैन र उपर्युक्त सहायक कम्पनीले धितोपत्र व्यवसाय बाहेक अन्य कार्य गर्न सक्ने छैन।

## व्याजदरको जानकारी मासिक रूपमा गराउनु पर्ने

बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने व्याजदर संशोधन गर्ने वा चल्ती तथा बचत खातामा कायम गर्नुपर्ने न्यूनतम मौज्दात रकममा थपघट गर्ने निर्णय गरेमा सो निर्णय भएको लगत्तै र साविकको व्याजदर कायम रहने आवस्थामा समेत मासिक रूपले राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गरी सर्वसाधारणलाई सूचित गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसअघि साविककै व्याजदर कायम रहने अवस्थामा त्रैमासिक रूपले मात्र राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गरी सर्वसाधारणलाई सूचित गर्नुपर्ने व्यवस्था थियो।

## आधार दर गणना विधिमा संशोधन

बैंक तथा वित्तीय संस्थाहरूले कोष लागत प्रतिशत, अनिवार्य मौज्दात लागत प्रतिशत, वैधानिक तरलता लागत प्रतिशत र सञ्चालन लागत प्रतिशतको योगफलको रूपमा आधार दर गणना गर्नुपर्ने भएको छ। यसअघि यसका अलावा सम्पत्तिमा प्रतिफल वापत ०.७५ प्रतिशत बिन्दु समेत जोडी आधार दर गणना गर्नुपर्ने व्यवस्था थियो।

## संस्थागत निक्षेप संकलन सीमा वृद्धि

बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरू, पब्लिक लिमिटेड कम्पनीहरू, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्थाहरू एवम् संस्थान मातहत सञ्चालित कोषहरूको निक्षेपको अंश ५० प्रतिशतसम्म कायम गर्न पाइने व्यवस्था गरिएको छ। यसअघि यो सीमा ४५ प्रतिशत थियो।

ती संस्थाहरूले कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा १५ प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न पाउने व्यवस्था भने यथावत कायम गरिएको छ।

## वार्षिक कार्ययोजना कार्यान्वयनको त्रैमासिक समीक्षा गर्नुपर्ने

वाणिज्य बैंकहरूले प्रत्येक आर्थिक वर्षका लागि निक्षेप दायित्व तथा कर्जा सापट सहितको वार्षिक कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई हरेक आर्थिक वर्षको साउन मसान्तभित्र बैंक सुपरिवेक्षण विभाग समक्ष अनिवार्य रूपमा पेश गर्नुपर्ने र उक्त कार्ययोजना कार्यान्वयनको अनुगमनका सम्बन्धमा सम्बन्धित वणिज्य बैंकको सञ्चालक समितिले त्रैमासिक समीक्षा गरी त्रयमास समाप्त भएको १५ दिनभित्र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने व्यवस्था लागू गरिएको छ।

## संस्थापक समूहको सेयर बिक्री सम्बन्धी व्यवस्थामा संशोधन

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) को प्रयोजनको लागि ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको सेयर स्वामित्व रहेका बैंक तथा वित्तीय संस्थाका संस्थापक सेयरधनीहरूले चाहेमा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजी बजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एक पटकमा बढीमा १० प्रतिशत विन्दुसम्म गर्न सकिने र यसरी परिणत गर्ने कार्य कम्तीमा २ पटकसम्म गर्नुपर्ने व्यवस्था लागू गरिएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस १९ गते एक परिपत्र जारी यस्तो व्यवस्था गरेको हो । यसअघि यस्तो कार्य एक पटक मात्र गर्न पाइने व्यवस्था थियो ।

## कर्जा विवरण पठाउनु पर्ने

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा तथा सुविधाको विवरण कर्जा सूचना केन्द्रमा पठाउनु पर्ने भएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस ३० गते एक परिपत्र जारी गरी बैंक तथा वित्तीय संस्थाहरूले आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा तथा सुविधा र ९० दिन भन्दा बढीले भाखा नाघेका सम्पूर्ण कर्जा तथा सुविधा सम्बन्धी विवरण तोकिएको फाराम बमोजिम महिना भुक्तान भएको १५ दिनभित्र उक्त केन्द्रमा पठाउनु पर्ने व्यवस्था लागू गरेको हो । यसअघि १० लाख रूपैयाँ वा सो भन्दा बढीको कर्जा/सुविधा र ९० दिन भन्दा बढीले भाखा नाघेका १० लाख रूपैयाँ वा सो भन्दा बढीको कर्जा/सुविधा सम्बन्धी विवरण मात्र केन्द्रमा पठाउनु पर्ने व्यवस्था थियो ।

साथै, बैंक तथा वित्तीय संस्थाहरूले कुनै पनि कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा उक्त केन्द्रबाट अनिवार्य रूपमा कर्जा सूचना लिनु पर्ने व्यवस्था लागू गरिएको छ ।

तर सुनचाँदी, मुद्दति रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जामा भने यो व्यवस्था लागू हुने छैन ।

# विद्यार्थीहरूमा वित्तीय चेतना हुनु जरुरी – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा गभर्नरको कार्यालयले २०७५ पुस १४ गते पाल्पा जिल्लाको रिब्दीकोट गाउँपालिकाको मैनादीस्थित प्रभात माध्यमिक विद्यालयमा "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम आयोजना गऱ्यो ।




कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले देशको भविष्य विद्यार्थीमा निर्भर रहेकोले उनीहरूमा वित्तीय चेतना हुनु जरुरी रहेको बताउनु भयो ।

देशको समग्र आर्थिक विकास एवम् वित्तीय स्थायित्वमा वित्तीय सचेतनाको ठूलो भूमिका रहने चर्चा गर्दै उहाँले वित्तीय रूपले सचेत नागरिकबाट वित्तीय संकटका बेलामा समेत जिम्मेवार र विवेकशील व्यवहार हुने विचार व्यक्त गर्नुभयो ।

देशको कुल जनसंख्याको ठूलो हिस्सा अझै पनि बैंकिङ पहुँच बाहिर रहेको उल्लेख गर्दै उहाँले पैसाको महत्व बारे घरघरमा सकारात्मक चर्चा र सोच विकास गर्न सकिएमा बैंक तथा वित्तीय संस्थाहरू मार्फत आर्थिक कारोबार बढ्ने धारणा व्यक्त गर्नुभयो ।

विद्यालयस्तरबाटै वित्तीय सचेतना जागृत भएमा बालकालिकाहरूमा बचत गर्ने बानीको विकास हुने, आर्थिक कारोबारमा बैंक तथा वित्तीय संस्थाको उपयोग बढ्ने, ऋण लिने र उद्यमशील बन्ने तथा रोजगारी सिर्जनामा समेत सहायता पुग्ने चर्चा गर्दै उहाँले यसै कारण विश्वका विभिन्न देशहरूमा विद्यालयको पाठ्य सामग्रीमा नै वित्तीय साक्षरता सम्बन्धी विषय समावेश गरिएको बताउनु भयो । साथै, उहाँले वित्तीय सचेतना मार्फत आर्थिक रूपमा आत्मनिर्भर बन्न प्रेरणा मिल्ने, देशका युवा रोजगारका लागि विदेश पलायन हुने क्रम कम हुँदै जाने र अन्ततः देश आत्मनिर्भर हुने विश्वास व्यक्त गर्नुभयो ।

पैसाको सदुपयोगिता बारे समयमै विद्यार्थीहरूमा ज्ञान प्रवाह गर्ने देशहरू आर्थिक विकासमा अगाडि रहेको यथार्थ मनन गरी नेपाल राष्ट्र बैंकले देशमा वित्तीय चेतना विस्तार गर्ने नीति लिएको र सोसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको उहाँले जानकारी दिनुभयो ।

सो अवसरमा गभर्नर डा. नेपालले नेपाल सरकारको सहयोगमा नव निर्मित विद्यालय भवनको उद्घाटन गर्नुभएको थियो भने उक्त विद्यालयका ११ जना विद्यार्थीको पढाइ खर्च व्यहोर्ने गरी अभिभावकत्व ग्रहण गर्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डुलबहादुर कुँवरको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशकद्वय सुरेश पन्त र प्रदिप भट्टराईले बैंक नोटको जतन, बैंक तथा वित्तीय संस्थाहरू, बचत, कर्जा, रेमिट्यान्स, बिमा, नगदरहित कारोबार लगायतका वित्तीय साक्षरताका विविध विषयमा प्रस्तुति दिनुभएको थियो ।

विद्यालयका प्रधानाध्यापकले विद्यालयको गतिविधिबारे जानकारी दिनुभएको उक्त कार्यक्रममा विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षिका, नागरिक समाजका अगुवा र पत्रकारहरू गरी ३०० जनाको उपस्थिति रहेको थियो ।

# गभर्नर डा. नेपालद्वारा बैंक शाखा उद्घाटन




गभर्नर डा. चिरंजीबि नेपालले २०७५ पुस १४ गते पाल्पाको अर्गलीमा आयोजित एक समारोहमा एनसीसी बैंकको अर्गली शाखाको उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले स्वदेशमै उद्यम गर्नुको साटो विदेशमा श्रम गर्न जानु उचित नभएको धारणा व्यक्त गर्दै बैंकको सेवा सुविधा उपयोग गरी आर्थिक रुपमा बलियो बन्न आग्रह गर्नुभयो ।

बैंक खुलेका स्थानमा केही न केही विकास अवश्य हुने उल्लेख गर्दै उहाँले बैंकहरुले कृषि, पशुपालन जस्ता क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको बताउनु भयो ।

समारोहमा एनसीसी बैंकका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेले जनताको सेवा गर्ने भावना अनुरुप अधिकांश ग्रामीण क्षेत्रमा गरी १२२ वटा शाखा सञ्चालनमा ल्याएको बताउनु भयो ।

समारोहमा एनसीसी बैंकका कार्यकारी निर्देशक रमेशराज अर्याल, तानसेन नगरपालिका वडा नं. १४ का वडाध्यक्ष कमल राना, रुरु संस्कृत विद्यापीठका प्रमुख लिलामणि शर्मा खनाल, पाल्पा उद्योग वाणिज्य संघका सदस्य विष्णु न्यौपाने लगायतले समृद्धिका लागि उद्यमशील हुन जरुरी रहेको धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी, गभर्नर डा. नेपालले २०७५ पुस १५ गते पाल्पामा ग्लोबल आईएमई बैंकको तानसेन र पूर्वखोला शाखाको उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले देशका ५५ प्रतिशत जनता औपचारिक वित्तीय पहुँच बाहिर रहेको उल्लेख गर्दै देशमा वित्तीय पहुँच बढाउन सबै स्थानीय तहमा बैंक पुऱ्याउने नीति नेपाल राष्ट्र बैंकले लिएको बताउनु भयो ।

बढ्दै गएको व्यापार घाटा कम गर्न बैंकसँग सहकार्य गरी व्यावसायिक कृषि प्रणाली अपनाउनु पर्ने र आत्मनिर्भर बन्नतर्फ लाग्नु पर्नेमा जोड दिँदै उहाँले देशलाई आत्मनिर्भर बनाउन सबैको हातेमालो जरुरी रहेको बताउनु भयो ।

समारोहमा ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकको स्थानीय शाखाबाट संकलन गरिने निक्षेप सोही क्षेत्रमा लगानी गरी स्थानीय विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समारोहमा प्रदेश सभासद् पुरनमान बज्राचार्य, तानसेन नगरपालिकाका मेयर अशोक शाही, शिक्षाविद् बुद्धिप्रसाद शर्मा लगायत पाल्पा उद्योग वाणिज्य संघ तथा पत्रकार महासंघका प्रतिनिधिहरुले पाल्पाका सर्वसाधारणले बैंकहरुबाट सहज तरिकाले सेवा पाउन नसकेको गुनासो गरेका थिए ।

# विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयन अवस्था सम्बन्धी अन्तरक्रिया सम्पन्न



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा भुक्तानी प्रणाली विभागले २०७५ पुस २० गते काठमाडौंमा विद्युतीय भुक्तानी प्रणालीको विद्यमान कानुनी व्यवस्था र सोको कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया आयोजना गऱ्यो ।

अन्तरक्रियामा डेपुटी गभर्नर शिवाकोटीले भुक्तानी प्रणालीको विकासमा केन्द्रीय बैंकले खेलेको भूमिका तथा जारी भएका विद्यमान नीति निर्देशन सम्बन्धमा चर्चा गर्दै अन्तर्राष्ट्रियस्तरमा भएका भुक्तानी प्रणाली सम्बन्धी असल अभ्यासहरू नेपालमा पनि लागू गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

विद्युतीय भुक्तानी प्रणाली प्राविधिक विषय भएकोले ग्राहकहरूलाई प्रशिक्षित गराउनु जरुरी भएको प्रसङ्ग उल्लेख गर्दै उहाँले प्रविधिको प्रयोगसँगै समस्या र चुनौती पनि आउन सक्ने भएकोले जोखिम न्यूनीकरणमा पर्याप्त ध्यान पुऱ्याउनु पर्ने आवश्यकता औंल्याउनु भयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलको उपस्थिति रहेको उक्त कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भीष्मराज ढुंगानाले विदेशी विनिमय व्यवस्थापन विभाग र भुक्तानी प्रणाली विभागको समन्वय र ओभरसाइट समितिमा हुने छलफलबाट बैंकले लिने नीति अझ परिष्कृत हुने गरेको विचार व्यक्त गर्नुभयो ।

त्यसैगरी, बैंकिङ कार्यालयका कार्यकारी निर्देशक झलक शर्मा आचार्यले नेपाल राष्ट्र बैंकको सहकार्य र समन्वयमा नेपाल सरकारको राजस्व रकम विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिने व्यवस्थाको कार्यान्वयन भएको बताउनु भयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको सभापतित्वमा सञ्चालित उक्त अन्तरक्रियामा सोही विभागका निर्देशक आनन्द पौड्यालले विद्युतीय भुक्तानी प्रणालीको विद्यमान कानुनी व्यवस्था र सोको कार्यान्वयनको अवस्था विषयक वार्ता प्रस्तुत गर्नुभएको थियो। सो अवसरमा संस्था एवम् संयन्त्रभित्र ओभरसाइट तथा निरीक्षणको क्रममा देखिएका कैफियतहरूको चर्चा गर्दै उहाँले विद्यमान नीतिगत व्यवस्थाको परिपालनाको अवस्थाबारे जानकारी गराउनु भएका थियो ।

कार्यक्रमको सुरुमा भुक्तानी प्रणाली विभागका उप-निर्देशक कृष्णप्रसाद शर्माले कार्यक्रमको आवश्यकता, उद्देश्य र महत्वको चर्चा गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विभिन्न वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालकका प्रतिनिधिहरू गरी ७० जनाको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन भुक्तानी प्रणाली विभागका उप-निर्देशक दीपक पोखरेलले गर्नुभएको थियो ।

# वित्तीय साक्षरता सम्बन्धी नयाँ पुस्तक बारे अन्तरक्रिया सम्पन्न

नेपाल राष्ट्र बैंकले प्रकाशन गर्न लागेको वित्तीय साक्षरता सम्बन्धी नयाँ पुस्तकमा समावेश गरिने विषयवस्तुका बारेमा सरोकारवालाहरू बीच छलफल गर्न गभर्नरको कार्यालयले २०७५ पुस ११ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो ।



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा उपर्युक्त पुस्तकको मस्यौदामाथि छलफल गरिएको थियो ।

सो अवसरमा उहाँले बैंकको एक उद्देश्यको रूपमा रहेको वित्तीय पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गर्न वित्तीय साक्षरता महत्वपूर्ण रहेको चर्चा गर्दै सर्वसाधारणको वित्तीय व्यवहारलाई परिवर्तन गर्न सक्ने वित्तीय साक्षरता कार्यक्रम सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो ।

फजुल खर्च कटौति गर्न खर्चको प्राथमिकीकरण गरेर र खर्च योजना तथा पारिवारिक बजेट बनाएर खर्च गर्ने बानी विकास गर्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले बचत रकम लगानी गरेर मात्र नहुने, सोको समय समयमा अनुगमन पनि गरिरहनु पर्ने बताउनु भयो ।

वित्तीय साक्षरताको सामग्री तथा विषयवस्तु लक्षित वर्ग र सिकाइको स्तर अनुसार फरक फरक हुनुपर्ने उल्लेख गर्दै उहाँले बैंकले प्रकाशन गर्ने वित्तीय साक्षरता सम्बन्धी पुस्तक सर्वसाधारणको खरिद व्यवहार परिवर्तन गर्नसक्ने खालको हुनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमको सुरुमा पुस्तक लेखनका लागि नियुक्त विज्ञ प्रकाश कोइरालाले पुस्तकमा समावेश गरिने विषयवस्तुको मस्यौदा बारे प्रस्तुति दिनुभएको थियो ।

सो मस्यौदा माथि कार्यकारी निर्देशकहरू लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका जनकबहादुर अधिकारी, विदेशी विनिमय व्यवस्थापन विभागका भीष्मराज ढुंगाना, मुद्रा व्यवस्थापन विभागका लक्ष्मीप्रपन्न निरौला, भुक्तानी प्रणाली विभागका देवकुमार ढकाल, अनुसन्धान विभागका डा. गुणाकर भट्ट, बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक केशवप्रसाद तिमिल्सिना, बीमा समितिका निर्मल अधिकारी, नेपाल धितोपत्र बोर्डका डा. नवराज अधिकारीले राय सुझाव प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियामा नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगाना, डेभलपमेन्ट बैंकर्स एसोसियसन नेपालका महासचिव प्रद्युमन पोखेल, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधर, नेपाल लघु वित्त बैंकर्स संघका अध्यक्ष रामचन्द्र जोशी र सहकारीकर्मी राजेन्द्र दुमरुले पनि रायसुझाव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो भने निर्देशक भीष्मप्रसाद उप्रेतीले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# निरीक्षणका मुख्य तत्वहरू विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न

वित्त कम्पनी सुपरिवेक्षण विभागले २०७५ पुस २० गते काठमाडौंमा वित्त कम्पनीहरूको सुपरिवेक्षणका सिलसिलामा गरिने निरीक्षणका मुख्य तत्वहरू (Core Elements of Supervision, Risk Based Supervision & Effective Supervisory Review and Evaluation Process) विषयक एक दिने अनुशिक्षण कार्यक्रमको आयोजना गर्‍यो ।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक सुनिल उदाशले बैंक तथा वित्तीय संस्थाहरूको निरीक्षण कार्यले वित्तीय क्षेत्रको सबलता बढाउने उल्लेख गर्दै नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन, प्रचलित कानुन प्रति वित्तीय संस्था निरीक्षण गर्न जाने सुपरिवेक्षक तथा निरीक्षकहरू चनाखो हुनुपर्ने बताउनु भयो । साथै, उहाँले वित्तीय संस्थाको निरीक्षणमा जाने निरीक्षकहरूले संस्थाको व्यवस्थापन र कर्मचारीहरूप्रति शिष्टतापूर्वक व्यवहार गर्ने, निरीक्षणका क्रममा जे सत्य देखिएको हो त्यसको यकिन गरी उल्लेख गर्ने र विभागको सबै फाँटहरूसँग समन्वय गरी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सुपरिवेक्षणका मुख्य तत्वहरू र देखिएका कमी कमजोरीहरूका विषयमा कार्यपत्र प्रस्तुत गर्दै विभागका कायम मुकायम निर्देशक श्यामकृष्ण दाहालले बैंक तथा वित्तीय संस्था निरीक्षणका क्रममा टोली प्रमुख र अन्य निरीक्षकहरूको राम्रो समन्वय भएमा मात्र निरीक्षण प्रतिवेदनले वित्तीय संस्थाको सही चित्र उतार्न सक्ने बताउनु भयो । साथै, उहाँले वित्तीय संस्थाहरूबाट केन्द्रीय बैंकका नीति/निर्देशन र प्रचलित कानुनको पालना वैज्ञानिक ढंगले भए/नभएको सुनिश्चित गर्ने कार्य निरीक्षणको क्रममा निरीक्षकहरूले गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा विभागका कायम मुकायम निर्देशक भुवन बस्नेतले वित्तीय संस्थाहरूको निरीक्षण गर्दा देखिने कैफियतहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले कतिपय वित्त कम्पनीहरूमा संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त नरहेको पाइएको चर्चा गर्दै निरीक्षण प्रतिवेदन मार्फत कैफियत सुधारका लागि दिइएका निर्देशनहरूको पालना यथोचित रूपमा भएमा मात्र निरीक्षणको प्रभावकारी परिणाम देखिने बताउनु भयो ।

कार्यक्रममा प्रस्तुत गरिएका उपर्युक्त कार्यपत्रमाथि सहभागीहरूबीच छलफल गरिनुका साथै आ-आफ्ना अनुभव आदानप्रदान गर्नुभएको थियो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन सोही विभागका सहायक निर्देशक भरतदेव पाण्डेयले गर्नुभएको थियो ।

# संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया सम्पन्न

अनुसन्धान विभागले सुदूरपश्चिम प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ ।

## सुदूरपश्चिम प्रदेश

अनुसन्धान विभागले २०७५ पुस १९ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री झपटबहादुर बोहराको उपस्थिति र विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको संयोजकत्वमा अन्तरक्रिया सम्पन्न गर्‍यो ।






कार्यक्रममा मन्त्री बोहराले बझाङ र बाजुरा जिल्ला नेपाल राष्ट्र बैंक धनगढी कार्यालयको कार्यक्षेत्रमा छुट हुन गएकोले समावेश गर्न आग्रह गर्दै नेपाल राष्ट्र बैंकले मागेको तथ्यांक दिन सहयोग गर्ने बचनबद्धता व्यक्त गर्नुभयो ।

प्रदेशका विभिन्न मन्त्रालयका सचिवहरु, योजना अधिकृतहरु, निर्देशनालयका निर्देशकहरु लगायत अन्य सरोकारवालाहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा कार्यकारी निर्देशक डा. भट्टले संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन विषयमा प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि छलफल गरिएको थियो ।

छलफलका क्रममा सहभागीहरुले नेपाल राष्ट्र बैंकले गर्दै आएको आर्थिक गतिविधि अध्ययन र तथ्यांक संकलन सम्बन्धी कार्य प्रदेश सरकार अन्तर्गत रहेका कृषि ज्ञान केन्द्र, पशु अस्पताल तथा पशु विज्ञ केन्द्र, डिभिजन वन कार्यालयका अतिरिक्त कृषि निर्देशनालय, पशु सेवा निर्देशनालय, वन निर्देशनालयबाट समेत हुने गरेकोमा परिवर्तित सन्दर्भमा नेपाल राष्ट्र बैंकलाई आवश्यक तथ्यांक संकलन कार्यमा सहयोग गर्न सरकारी निकायहरुबीच समन्वय हुनुपर्ने सुझाव दिएका थिए ।

धनगढी कार्यालयका उप-निर्देशक बद्रीप्रसाद खकुरेलले कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक मनोजकुमार के.सी.ले गर्नुभएको थियो ।

## गण्डकी प्रदेश

अनुसन्धान विभागले २०७५ पुस १३ गते गण्डकी प्रदेशको पोखरामा प्रदेशको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापा मगरको उपस्थितिमा अन्तरक्रिया सम्पन्न गर्‍यो ।

कार्यक्रममा मन्त्री थापा मगरले बैंक तथा वित्तीय संस्थाहरुले कृषि तथा उत्पादनशील क्षेत्रमा कर्जा लगानी बढाउनु पर्नेमा जोड दिनुभयो ।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेलले नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरुले प्रदेशगत रुपमा तथ्यांक संकलन गरी प्रतिवेदन तयार गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका निर्देशक हिमप्रसाद न्यौपानेले प्रस्तुत गर्नुभएको संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन विषयक कार्यपत्रमाथि छलफल गर्दै सहभागीहरुले आर्थिक गतिविधि अध्ययनको लागि प्रदेश तथा स्थानीय तहमा स्थानान्तरण भएका कृषि ज्ञान केन्द्र, पशु अस्पताल तथा पशु विज्ञ केन्द्र, डिभिजन वन कार्यालयका अतिरिक्त कृषि निर्देशनालय, पशु सेवा निर्देशानलय, वन निर्देशनालयबाट तथ्यांक संकलन गर्न सकिने सुझाव दिएका थिए ।

कार्यक्रममा पोखरा कार्यालयका निर्देशक पोमनाथ गौतमले कार्यक्रमको महत्वबारे चर्चा गर्दै धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

प्रदेशका विभिन्न मन्त्रालयका सचिवहरु, योजना अधिकृतहरु, निर्देशनालयका निर्देशकहरु लगायत अन्य सम्बन्धित सरोकारवालाहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक जनकराज सापकोटाले गर्नुभएको थियो ।

## कर्णाली प्रदेश

अनुसन्धान विभागले २०७५ पुस ३ गते कर्णाली प्रदेशको मुकाम सुर्खेतमा कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाको उपस्थितिमा अन्तरक्रिया सम्पन्न गर्‍यो ।

कार्यक्रममा मन्त्री ज्वालाले कर्णाली प्रदेशमा नेपाल राष्ट्र बैंकको कार्यालय स्थापना हुनुपर्ने र उत्पादनशील क्षेत्रमा कर्जा लगानी बढाउनु पर्ने लगायतका सुझाव दिनुभयो ।

सोही मन्त्रालयका सचिव ढुण्डीप्रसाद निरौलाले तथ्यांक संकलनका लागि छुट्टै पोर्टलको व्यवस्था गरी प्रदेश तथा स्थानीय तहबाट सोझै तथ्यांक प्रविष्टि गर्ने प्रणालीको विकास गर्न सकिए समयमै वास्तविक तथ्यांक संकलन गर्ने कार्यमा सहयोग पुग्ने सुझाव दिनुभयो ।

अनुसन्धान विभागका निर्देशक हिमप्रसाद न्यौपानेले संघीय संरचनामा आर्थिक गतिविधि अध्ययन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक विमलराज खनालले अन्तरक्रियाको महत्वबारे चर्चा गर्दै कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका सहायक निर्देशक मनोजकुमार के.सी.ले गर्नुभएको थियो ।

# बर्दिवासमा विदेशी मुद्रा कारोबार सम्बन्धी अन्तरक्रिया

जनकपुर कार्यालयले २०७५ पुस ५ गते महोतरी जिल्लाको बर्दिवासमा परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार गर्ने बैंक, वित्तीय संस्था तथा मनिचेञ्जर, ट्राभल एजेन्सी र होटलका प्रतितिधिहरूको सहभागितामा एक दिने अन्तरक्रिया सम्पन्न गऱ्यो ।

जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक सरिता भट्ट अधिकारीले विदेशी मुद्राको कारोबार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त संस्थाहरूको दायित्व तथा विद्यमान नीतिगत व्यवस्था सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रियाको क्रममा सहभागीहरूलाई दुई समूहमा विभाजन गरी कार्यशाला सञ्चालन गरिएको थियो ।

कार्यशालामा बैंक तथा वित्तीय संस्था समूहको छलफलको सहजीकरण निर्देशक शाक्य तथा कार्यालयका उप-निर्देशक मेदनीप्रसाद पोखेलले र मनिचेञ्जर, ट्राभल एजेन्सी तथा होटल समूहको छलफलको सहजीकरण निर्देशक अधिकारी तथा कार्यालयका सहायक निर्देशक शिवनारायण झाले गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशकद्वय शाक्य तथा अधिकारीले दिनुभएको थियो ।

कार्यक्रमको सुरुमा स्वागत मन्तव्य व्यक्त गर्दै कार्यालयका उप-निर्देशक पोखेलले विदेशी मुद्रा कारोबार र यसको आवश्यकता तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

जनकपुर कार्यालयको कार्यक्षेत्र भित्रका मनिचेञ्जर, ट्राभल एजेन्सी र होटलहरू तथा बर्दिवासस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख एवम् प्रतिनिधिहरू गरी ५० जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन जनकपुर कार्यालयका सहायक प्रकाश पोखेलले गर्नुभएको थियो ।

# भरतपुरमा विदेशी मुद्रा कारोबार सम्बन्धी अन्तरक्रिया

वीरगञ्ज कार्यालयले विदेशी विनिमय व्यवस्थापन विभागसँग समन्वय गरी २०७५ पुस १२ गते चितवन जिल्लाको भरतपुरमा परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार सम्बन्धी एक दिवसीय अन्तरक्रिया सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक रविन्द्र महर्जनको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कायम मुकायम निर्देशक केशवबहादुर के.सी.ले विदेशी मुद्रा कारोबार विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा उपर्युक्त कार्यपत्रका साथै विदेशी विनिमय कारोबारमा देखिएका समस्याहरूका बारेमा छलफल भएको थियो । छलफलका क्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक महर्जन र कायम मुकायम निर्देशक के.सी.ले दिनुभएको थियो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक सुरेश शिवाकोटीले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

चितवन जिल्लामा सञ्चालित विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, मनिचेञ्जरहरू र ट्राभल एजेन्सी तथा होटलहरूका गरी ४७ जना प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निर्देशक भाष्करमान श्रेष्ठले गर्नुभएको थियो ।



## मार्जिन लेन्डिङ...

गरी Margin Call गर्नुपर्ने तर सुरक्षणमा राखिएको सेयरको मूल्यमा २० प्रतिशतसम्मले घटेको अवस्थामा Margin Call गर्न बाध्य नहुने र सुरक्षणमा राखिएको सेयरको मूल्य कुल कर्जा बक्यौता रकमको १.६ (एक दशमलव छ) गुणाभन्दा बढी भएको अवस्थामा Margin Call गर्नु नपर्ने व्यवस्था खारेज गरिएको छ । यसको सट्टामा सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले धितो सुरक्षणको मूल्यमा कमी आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सोको मूल्य अनुगमन गरी थप धितोको लागि ऋणी ग्राहकलाई सूचित गर्नुपर्ने र Margin Call गर्दा उक्त सेयरमा प्राप्त हुने यकिन भएको हकप्रद र बोनस सेयरहरू सूचीकरण नभएको अवस्थामा समेत धितोमा राखिएको सेयर संख्यामा गणना गर्न सकिने व्यवस्था कायम गरिएको छ ।

यसैगरी, यस्तो कर्जा बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो प्राथमिक पुँजी (Core Capital) को बढीमा २५ प्रतिशतसम्म मात्र प्रवाह गर्न सकिने व्यवस्था रहेकोमा उक्त सीमा बढाएर ४० प्रतिशत कायम गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूले एउटा सूचीकृत कम्पनीको सेयरको हकमा आफ्नो प्राथमिक पुँजीको बढीमा १० प्रतिशत ननाघ्ने गरी मात्र यस्तो कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था यथावत कायम राखी सो कर्जा कूल बक्यौता कर्जा रकमको १० प्रतिशतभन्दा बढी नहुने गरी प्रवाह गर्नुपर्ने व्यवस्था थप गरिएको छ ।

पछिल्लो संशोधनले धितोपत्र व्यवसायीबाट हुने Margin Trading सम्बन्धी कारोबारका सम्बन्धमा प्रचलित कानुनी व्यवस्थाको अधिनमा रही नेपाल धितोपत्र बोर्डको नीति निर्देशन अनुरूप हुने र त्यस्तो व्यवसायीलाई बोर्डको सिफारिशमा स्वीकृति प्रदान गरिने व्यवस्था पनि थप गरेको छ ।

# सल्यानमा आर्थिक तथ्यांक सम्बन्धी गोष्ठी सम्पन्न

नेपालगञ्ज कार्यालयले २०७५ पुस १३ गते कार्यालयका निर्देशक बिमलराज खनालको संयोजकत्वमा सल्यानको खलंगामा आर्थिक तथ्यांक सम्बन्धी गोष्ठी सम्पन्न गऱ्यो ।

गोष्ठीमा निर्देशक खनालले समग्र आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित गतिविधिहरू अध्ययन गर्ने र क्षेत्रगत आर्थिक तथा वित्तीय तथ्यांक संकलन गर्ने सम्बन्धी विविध विषयसँगै वित्तीय साक्षरताको महत्व, सहुलियतपूर्ण कर्जा प्रवाह एवम् सदुपयोगिता आदिका बारेमा चर्चा गर्नुभयो ।

संघीयता कार्यान्वयन हुँदा विभिन्न सरकारी कार्यालयहरू जिल्लाबाट स्थानीय तहमा स्थानान्तरण भएको सन्दर्भमा संघीय तथा स्थानीय तहहरूलाई नीति निर्माणमा तथ्यांक आवश्यक पर्ने भएकोले आवश्यक तथ्यांक संकलन एवम् अद्यावधिक गर्न स्थायी प्रकृतिको संरचना तयार गरी लागू गर्नुपर्ने उहाँले बताउनु भयो ।



सल्यान जिल्लाका सरकारी, निजी एवम् बैंकिङ क्षेत्रसँग सम्बद्ध निकायका प्रमुख तथा तथ्यांक अधिकृतहरू, जिल्ला समन्वय समितिका अधिकारीहरू, गाउँपालिका तथा नगरपालिकाका प्रशासकीय अधिकृतहरू, उद्योगी व्यवसायीहरू, स्थानीय कृषक र पत्रकारहरूको उपस्थिति रहेको उक्त गोष्ठीमा कार्यालयका उप-निर्देशक नारायणप्रसाद पोखेलले आर्थिक तथ्यांक सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यपत्रमा उप-निर्देशक पोखेलले नेपाल राष्ट्र बैंक र आर्थिक व्यवस्थापन, प्रादेशिक स्थिति, नेपालगञ्ज कार्यालयको सीमा, बैंक तथा वित्तीय संस्थाहरूको कर्जा तथा निक्षेप अवस्था, बृहत अर्थतन्त्रको स्थिति एवम् प्रवृत्ति, सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सम्बन्धमा भएको व्यवस्था एवम् तथ्यांक संकलनका चुनौतीहरू लगायतका विषयवस्तुहरू समेट्नु भएको थियो ।

कार्यपत्र प्रस्तुतिका क्रममा उहाँले नेपाल राष्ट्र बैंकले देशको समग्र आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित गतिविधिहरू अध्ययन गर्ने, मौद्रिक नीति तर्जुमा गर्ने र समष्टिगत आर्थिक नीति तथा वित्त नीति तर्जुमाको लागि नेपाल सरकारलाई सुझाव दिने भएकोले यस क्रममा क्षेत्रगत आर्थिक तथा वित्तीय तथ्यांक संकलन गर्न तोकिएका संस्थाहरूको महत्वपूर्ण योगदान रहने उल्लेख गर्नुभयो ।

कार्यालयका सहायक निर्देशक विद्यामान महताराले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्रमको सञ्चालन प्रधान सहायक कमलप्रसाद न्यौपानेले गर्नुभएको थियो ।

# धनगढी कार्यालयमा शपथग्रहण कार्यक्रम

धनगढी कार्यालयका निर्देशक किरण पण्डितले कार्यालय प्रमुखको कार्यकक्षमा २०७५ पुस २५ गते कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिका नवनिर्वाचित अध्यक्ष शिवसिंह कार्कीलाई पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।

कार्यक्रममा निर्देशक पण्डितले उक्त विकास बैंकका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई दिँदै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो । साथै, उहाँले संघीय व्यवस्थामा बैंक तथा वित्तीय संस्थाको भूमिका, केन्द्रीय



बैंकको मर्जर नीति र कर्मचारी व्यवस्थापनका विविध पक्षबारे चर्चा गर्दै बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सुशासनका साथै केन्द्रीय बैंकबाट जारी गरिएका नीति निर्देशनको पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष कार्कीले नेपाल राष्ट्र बैंकको सहयोग, सद्भाव र निर्देशन सदैव आवश्यक रहिरहने चर्चा गर्दै बैंकिङ तथा वित्तीय क्षेत्रका प्रचलित ऐन कानुनको पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा (२) मा भएको बैंक तथा वित्तीय संस्थामा नियुक्त भएका सञ्चालक समितिका अध्यक्षले नेपाल राष्ट्र बैंक समक्ष शपथ लिई आफ्नो पदको जिम्मेवारी सुरु गर्नुपर्ने व्यवस्था अनुसार उक्त कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रममा कार्यालयका अधिकृतहरू तथा कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडका सञ्चालक तथा कार्यकारी प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

# सल्यानको थारमारेमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपालगञ्ज कार्यालयले २०७५ पुस १२ गते सल्यान जिल्लाको बाघचौर नगरपालिका वडा नं. २, थारमारेस्थित श्री जनकल्याण नमूना माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक विमलराज खनालको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा उप-निर्देशक नारायणप्रसाद पोखेल र सहायक निर्देशक भीमार्जुन शाहले वित्तीय साक्षरताका विविध विषयमा प्रस्तुति दिनुभएको थियो ।

उक्त विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी एवम् अभिभावकहरू गरी १७५ जनाको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

# रामेछापको सालुमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको प्रायोजन र फिनलिट नेपालको आयोजनामा २०७५ पुस १५ गते रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नं. ४, सालुस्थित श्री सेतीदेवी माध्यमिक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो ।






विद्यालयका प्रधानाध्यापक गगनबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक रामकाजी खाइजू र फिनलिट नेपालका प्रकाश कोइरालाले वित्तीय साक्षरताका विविध विषयमा प्रस्तुति दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कामकारवाही र बैंक नोट जतन गर्ने विषयमा प्रस्तुति दिँदै उप-निर्देशक खाइजूले देशको गरिमा र प्रतिष्ठा बोकेको बैंक नोटलाई सबैले माया गर्नु पर्ने, यसमा केरमेट गर्न नहुने, अबिर, रंग तथा मसी लगाउन, च्यात्न तथा जलाउन नहुने, यसो गरेको पाइए कानुन बमोजिम कारवाही र दण्ड सजाँय हुने व्यवस्था रहेको बताउनु भयो ।

फिनलिट नेपालका प्रकाश कोइरालाले सानो उमेरदेखि नै खर्च कटौति गर्ने र बचत गर्ने बानी विकास गर्नु पर्ने उल्लेख गर्दै घरायसी बजेट तर्जुमा गरी व्यक्तिगत वित्तीय व्यवस्थापन सरल र सहज बनाउन सकिने बताउनु भयो ।

विद्यालयका प्रधानाध्यापक गगनबहादुर श्रेष्ठ, पूर्व प्रधानाध्यापक हरिबहादुर मोक्तान र शिक्षक लक्ष्मणकुमार घिमिरेले पनि मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम शिक्षक भोलाकुमार कार्कीले सञ्चालन गर्नुभएको थियो ।

विद्यालयका शिक्षक, शिक्षिका र विद्यार्थीहरूलाई वित्तीय साक्षरताका विविध विषयमा जानकारी दिने उद्देश्यले आयोजित उक्त कार्यक्रममा ३०० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

# विभिन्न स्थानमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको प्रायोजनमा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघले कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकाको फुलबारीस्थित श्री चन्द्रोदय माध्यमिक विद्यालयमा २०७५ पुस १३ गते र जुगेडास्थित श्री जनकल्याण माध्यमिक विद्यालयमा पुस १५ गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, धनगढी समितिका अध्यक्ष भोजराज जोशीको अध्यक्षतामा आयोजित ती दुवै कार्यक्रममा संघका केन्द्रीय उपाध्यक्ष सिद्धीकृष्ण जोशीले वित्तीय साक्षरता सम्बन्धी विषयवस्तु समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

फुलबारीमा आयोजित कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक मनोज पोखरेल, संघका केन्द्रीय महासचिव भोला प्रेमी, संघको धनगढी समितिका अध्यक्ष जोशीले वित्तीय साक्षरताका विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

जुगेडामा आयोजित कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक बद्रीप्रसाद खकुरेल, संघका केन्द्रीय महासचिव प्रेमी,




संघको धनगढी समितिका अध्यक्ष जोशीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित विद्यालयका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरूका साथै स्थानीय व्यवसायी र सर्वसाधारणहरूको सहभागिता रहेको थियो ।



यसैगरी संघले इलाम जिल्लाको देउमाई नगरपालिका वडा नं. ४ स्थित मंगलबारे बजारमा पुस १९ गते र सूर्योदय नगरपालिका वडा नं. ८ फिक्कलस्थित श्री फिक्कल माध्यमिक विद्यालयमा पुस २० गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गऱ्यो ।

स्थानीय महिला, बालबालिका, युवा, व्यवसायी तथा सर्वसाधारणहरू गरी ती कार्यक्रममा क्रमशः ९४ जना र १०० जनाको सहभागिता रहेको थियो ।

यसअघि उक्त संघले दैलेख जिल्लाको महाबु गाउँपालिकाको वडा नं. ४ को वडा कार्यालयको प्राङ्गणमा पुस १० गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गरेको थियो ।

# विभिन्न कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

### वीरगञ्ज कार्यालय

वीरगञ्ज कार्यालयले २०७५ पुस १९ गते कार्यालयको सभाहलमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी कार्यमा वित्तीय लगानी नियन्त्रण विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक रविन्द्र महर्जनको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा कार्यालयका उप-निर्देशक बुद्धराज शर्माले Anti-Money Laundering/Combating Financing of Terrorism (AML/CFT) विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा प्रस्तुत वार्तामाथि छलफल हुँदा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक महर्जन र उप-निर्देशक शर्माले दिनुभएको थियो ।

कार्यालयका २९ जना अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निर्देशक भाष्करमान श्रेष्ठले गर्नुभएको थियो ।

### धनगढी कार्यालय

धनगढी कार्यालयले कार्यालयका कर्मचारीहरूमा ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले २०७५ पुस २४ गते कार्यालयको सभाहलमा मौद्रिक तथा वित्तीय नीतिको अन्तरसम्बन्धका विषयमा आर्थिक वर्ष २०७५/७६ को दोस्रो ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक किरण पण्डितको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा उप-निर्देशक मनोज पोखरेलले मौद्रिक तथा वित्तीय नीतिको अन्तरसम्बन्ध विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यपत्रमा स्वतन्त्र केन्द्रीय बैंकको औचित्यता सम्बन्धी अन्तर्राष्ट्रिय अनुभव, वित्त र मौद्रिक नीतिको समन्वय सम्बन्धी सैद्धान्तिक अवधारणा, मौद्रिक तथा वित्त नीतिको प्रयोगमा अन्तर्राष्ट्रिय अनुभव, नेपालमा मौद्रिक तथा वित्त नीति समन्वयका लागि भएका कानुनी तथा संरचनागत व्यवस्था र नेपालमा मौद्रिक नीति सञ्चालनमा रहेका प्रमुख चुनौतीहरू लगायतका विषय समावेश रहेको थियो ।

कार्यक्रममा आर्थिक विकास, मुद्रास्फीति, आन्तरिक तथा बाह्य ऋण, बाह्य क्षेत्र स्थायित्व लगायतका विषयमा मौद्रिक तथा वित्त नीतिको अन्तरसम्बन्धको सन्दर्भमा पनि ज्ञान आदानप्रदान गरिएको थियो ।

कार्यक्रममा धनगढी कार्यालयका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

### विराटनगर कार्यालय

विराटनगर कार्यालयले २०७५ पुस २९ गते कार्यालयको सभाहलमा आर्थिक वर्ष २०७५/७६ को दोस्रो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका उप-निर्देशक सृजना बास्तोलाको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा कार्यालयका सहायक निर्देशक रामकृष्ण राईले Classical Vs Keynesian Economics विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कार्यालयका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।



# विराटनगरमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुशिक्षण सम्पन्न

विराटनगर कार्यालयले २०७५ पुस १८ गते कार्यालयको सभाहलमा "सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाहरूको दायित्व" विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका उप-निर्देशक नन्दकुमार ढकालको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा वित्तीय जानकारी एकाइका उप-निर्देशक चन्द्रमणि निरौलाले सम्पति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड, कानुनी तथा संस्थागत व्यवस्थाका साथै नेपालमा सो सम्बन्धमा भएका विद्यमान ऐन तथा कानुनी व्यवस्था, कार्यान्वयनको संरचनागत व्यवस्था बारेमा पहिलो सत्रमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी, दोस्रो सत्रमा सहभागीहरू बीच ग्राहक पहिचान सम्बन्धी सरलीकृत व्यवस्था, कारोबार सीमा रिपोर्टिङ (TTR) शंकास्पद कारोबार पहिचान तथा रिपोर्टिङ (Suspicious Transaction Reporting, STR) को सैद्धान्तिक तथा व्यावहारिक ज्ञान तथा अनुभव आदानप्रदान गरिएको थियो ।

विराटनगरस्थित वाणिज्य बैंक, विकास बैंक तथा अन्य वित्तीय संस्थाका सम्बन्धित कार्यमा सलंग्न ५० जना अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निर्देशक रामकृष्ण राईले गर्नुभएको थियो ।





# वैदेशिक तालिममा सहभागिता

सामान्य सेवा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्री Dutch Bundesbank ले २०१९ जनवरी १४ देखि १६ सम्म जर्मनीमा आयोजना गरेको Public Procurement विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला भारतीय रिजर्व बैंकले २०१८ डिसेम्बर २० देखि २२ सम्म भारतको पुनेमा आयोजना गरेको Familiarization Program For Financial Journalists From Nepal विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सोही कार्यालयका उप-निर्देशक (सू.प्र.) शुभाषचन्द्र घिमिरे, मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक विमला चौलागाई लुइँटेल र गभर्नरको कार्यालयका सहायक समिता श्रेष्ठ पनि सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका उप-निर्देशक तीर्थराज ओझा र राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक रमेशकुमार कटुवाल IMF-SARTTAC ले २०१९ जनवरी ७ देखि ११ सम्म भारतमा आयोजना गरेको Improved Treasury and Debt Management विषयक तालिममा सहभागी हुनुभयो ।

# अधिकृत द्वितीय र अधिकृत तृतीय पदमा बढुवाका लागि सिफारिश

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको उप-निर्देशक (अधिकृत द्वितीय) पद संख्या ३६ (छत्तीस) मूल्यांकन बढुवाद्वारा पूर्ति गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) बमोजिम सम्भाव्य उम्मेदवारहरू मध्ये कुलमा बढी अंक प्राप्त गर्ने सहायक निर्देशक (अधिकृत तृतीय) पदमा कार्यरत देहायका कर्मचारीहरूलाई उप-निर्देशक पदमा बढुवाका लागि सिफारिश गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ पुस ६ गतेको सूचनामा जनाइएको छ ।

यसअनुरूप सहायक निर्देशकहरू अनुसन्धान विभागका बिन्ती श्रेष्ठ, बैंकिङ कार्यालयका मनोहर शिवाकोटी, माधवप्रसाद पोखरेल र रञ्जना शर्मा, विदेशी विनिमय व्यवस्थापन विभागका डा. भागवत आचार्य, कृष्णशरण फुयाँल, गंगा थापा (बस्नेत) र अस्मिता गोर्खाली, बैंक सुपरिवेक्षण विभागका गेदा पंगेनी, आशबहादुर थापा, सुवोधमान श्रेष्ठ, टिकाराम खतिवडा र लक्ष्मीनारायण ताम्राकार, भुक्तानी प्रणाली विभागका दीपक पोखरेल, आन्तरिक लेखापरीक्षण विभागका अमृतबहादुर बुढाथोकी, रामकुमार के.सी. र राजनप्रसाद अधिकारी, जनशक्ति व्यवस्थापन विभागका दीपेन्द्रप्रसाद पोखरेल, वित्त व्यवस्थापन विभागका मिना कुँवर (कालिकोटे), विकास बैंक सुपरिवेक्षण विभागका टेकराज भण्डारी, वित्तीय जानकारी एकाइका केशवप्रसाद रिमाल र रचना शर्मा पराजुली, लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका वशिष्ठ अधिकारी, बैंकर्स प्रशिक्षण केन्द्रका बद्रीनाथ नेपाल, गभर्नरको कार्यालयका रामकाजी खाइजू र तेजबहादुर खांण, कानून महाशाखाका डिल्लीराम न्यौपाने र रामशरण पोखरेल, वीरगञ्ज कार्यालयका डिल्लीराम पोखरेल, जनकपुर कार्यालयका यज्ञ श्रेष्ठ, वित्त कम्पनी सुपरिवेक्षण विभागका खगराज सापकोटा, अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा काजमा रहनुभएका राजनबाबु पाण्डेय, पोखरा कार्यालयका रामकुमार कार्की, विराटनगर कार्यालयका लक्ष्मीप्रसाद तिम्सिना, सामान्य सेवा विभागका टेकेन्द्र भट्टराई र बैंक तथा वित्तीय संस्था नियमन विभागका कर्ता श्रेष्ठलाई उप-निर्देशक पदमा बढुवाका लागि सिफारिश गरिएको छ ।

यसैगरी, बैंकमा रिक्त रहेको प्रशासन सेवा तर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पद संख्या ७ (सात) मूल्यांकन बढुवाद्वारा पूर्ति गर्ने सम्बन्धमा सोही विनियमावली बमोजिम सम्भाव्य उम्मेदवारहरू मध्ये कुलमा बढी अंक प्राप्त गर्ने प्रधान सहायक (सहायक प्रथम) पदमा कार्यरत कर्मचारीहरू सामान्य सेवा विभागका सृजना ठडराई, विराटनगर कार्यालयका संजेवकुमार राई, मुद्रा व्यवस्थापन विभागका भोलाराज खड्का र जनकपुर कार्यालयका शिवनारायण झालाई सहायक निर्देशक पदमा बढुवाका लागि सिफारिश गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ पुस १८ गतेको सूचनामा जनाइएको छ ।

नेपाल राष्ट्र बैंक समाचार उहाँहरू सबैमा बधाई ज्ञापन गर्दछ ।

# सरुवा

कार्यालय सहयोगी प्रथमद्वय बैंकिङ कार्यालयका अमृतमान नेपाली बैंक तथा वित्तीय संस्था नियमन विभागमा र विदेशी विनिमय व्यवस्थापन विभागमा कामकाजमा रहनुभएका माइला गिरी आन्तरिक लेखापरीक्षण विभागमा, कार्यालय सहयोगी द्वितीयद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागमा कामकाजमा रहनुभएका दुर्गादेवी पाण्डे विदेशी विनिमय व्यवस्थापन विभागमा र बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्मला अधिकारी वित्तीय जानकारी एकाइमा तथा कार्यालय सहयोगी चतुर्थहरू विकास बैंक सुपरिवेक्षण विभागका अशोक महर्जन सूचना प्रविधि विभागमा, सामान्य सेवा विभागका दशरथ नगरकोटी अनुसन्धान विभागमा तथा परशुराम कुमाल पोखरा कार्यालयमा र वित्तीय जानकारी एकाइका सरस्वती अर्याल सामान्य सेवा विभागमा सरुवा हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# अनिवार्य अवकाश

आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक साधुराम तिमिल्सिना र वित्त व्यवस्थापन विभागका प्रधान सहायक अष्टबहादुर श्रेष्ठले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था अनुसार ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# बैठक समय उल्लेख हुनुपर्ने

जनशक्ति व्यवस्थापन विभागले २०७५ पुस १९ गते एक परिपत्र जारी गरी बैंकका विभाग तथा कार्यालयहरूले कार्यालय समय अघिपछि बैठक भत्ता पाउने गरी समिति तथा उपसमितिहरूको बैठक बस्दा निर्णय पुस्तिकामा मितिका अतिरिक्त समय (बजे) समेत उल्लेख गर्ने अनिवार्य व्यवस्था लागू गर्नुपर्ने जनाएको छ ।

# इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरू राष्ट्रियस्तर वा एक प्रदेशस्तरका मात्र हुने

इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरू राष्ट्रियस्तर वा काठमाडौं उपत्यका बाहेकको एक प्रदेशस्तरका मात्र हुने भएका छन् ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ पुस १३ गते एक परिपत्र मार्फत बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र न्यूनतम चुक्ता पुँजी सम्बन्धी व्यवस्थामा परिमार्जन गरी ख, ग र घ वर्गका वित्तीय संस्थाहरू राष्ट्रियस्तर वा काठमाडौं उपत्यका बाहेकको प्रादेशिकस्तर गरी दुई तहका मात्र हुने व्यवस्था गरेको हो । क वर्गको वाणिज्य बैंक भने राष्ट्रियस्तरको मात्र हुने व्यवस्था यसअघि नै भइसकेको छ ।

अबदेखि ख, ग र घ वर्गका वित्तीय संस्थाहरू राष्ट्रियस्तर वा काठमाडौं उपत्यका बाहेकको एक प्रदेशमा मात्र कार्यक्षेत्र रहने गरी सञ्चालन गर्न पाइने छन् । प्रादेशिकस्तरका वित्तीय संस्थाहरूको कार्यक्षेत्र एवम् परियोजना पनि तोकिएको प्रदेश अन्तर्गतका तोकिएका जिल्लाहरूमा मात्र सीमित रहने छन् ।

संशोधित व्यवस्थाले राष्ट्रियस्तरका बैंक तथा वित्तीय संस्थाहरूको न्यूतनम चुक्ता पुँजी क, ख, ग र घ वर्गको लागि क्रमशः रु.८ अर्ब, रु.२ अर्ब ५० करोड, रु.८० करोड र रु.१० करोड यथावत कायम राखी प्रदेशस्तरका ख, ग र घ वर्गको लागि क्रमशः रु.१ अर्ब २० करोड, रु.५० करोड र रु.२ करोड कायम गरेको छ । यसैगरी, राष्ट्रियस्तरको थोक कर्जा प्रदान गर्ने लघु वित्त वित्तीय संस्थाहरूले २०७५ असार मसान्तसम्ममा न्यूनतम चुक्ता पुँजी रु.६० करोड पुर्‍याउनु पर्ने व्यवस्था पनि यथावत कायम गरिएको छ ।

यसअघि काठमाडौं उपत्यका बाहेकको ३ वटा प्रदेशसम्मका १० वटासम्म जिल्ला र ३ वटा प्रदेशसम्मका ५ वटासम्म जिल्ला कार्यक्षेत्र रहने गरी ख र ग वर्गका वित्तीय संस्थाहरू सञ्चालन गर्न पाइने तथा ख वर्गको हकमा क्रमशः रु.१२० करोड र रु.५० करोड तथा ग वर्गको हकमा क्रमशः रु.८० करोड र रु.४० करोड न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था थियो । यसैगरी, काठमाडौं उपत्यका बाहेकको क्षेत्रीयस्तर, ४-१० जिल्लास्तर र १-३ जिल्लास्तरका घ वर्गको वित्तीय संस्थाका लागि क्रमशः रु.६ करोड, रु.२ करोड र रु. १ करोड न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था थियो ।

नयाँ व्यवस्था अनुसार प्रादेशिकस्तरको वित्तीय संस्था बन्न ३ वटा प्रदेशसम्मका ५ वटासम्म जिल्ला कार्यक्षेत्र रहने गरी सञ्चालित विकास बैंकले बढीमा १४० प्रतिशतले र वित्त कम्पनीले शतप्रतिशतले चुक्ता पुँजी बढाउनु पर्ने देखिन्छ । यसैगरी, राष्ट्रियस्तरमा स्तरोन्नति हुन क्षेत्रीयस्तरका लघु वित्त विकास बैंकले दुई तिहाइले तथा प्रादेशिकस्तरमा स्तरोन्नति हुन १-३ जिल्लास्तरका लघु वित्त विकास बैंकले शतप्रतिशतले चुक्ता पुँजी बढाउनु पर्ने देखिन्छ ।

**बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र न्यूनतम चुक्ता पुँजी**

| वर्ग | राष्ट्रियस्तर | प्रादेशिकस्तर* |
|---|---|---|
| क | रु.८०० करोड | - |
| ख | रु.२५० करोड | रु.१२० करोड |
| ग | रु.८० करोड | रु.५० करोड |
| घ | रु.१० करोड | रु.२ करोड |

*काठमाडौं उपत्यका बाहेक ।

यसअघि इजाजतपत्र प्राप्त गरी सञ्चालनमा रहेका राष्ट्रियस्तर बाहेकका ख र ग वर्गका वित्तीय संस्थाहरूले यसरी तोकिएको न्यूनतम चुक्ता पुँजी पूरा गरी केन्द्रीय बैंकको स्वीकृति लिई कुनै एक प्रदेशभर कारोबार सञ्चालन गर्न सक्ने र चुक्ता पुँजी पूरा नगरेसम्म हाल कायम रहेका जिल्लाहरूमा सीमित रही कारोबार सञ्चालन गर्नुपर्ने व्यवस्था थप गरिएको छ । साथै, घ वर्गका वित्तीय संस्थाहरूले तोकिएको चुक्ता पुँजी पूरा गरी राष्ट्रियस्तरमा स्तरोन्नति नभएसम्म आफ्नो कारोबार कुनै एक प्रदेशमा मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

एकभन्दा बढी प्रदेशमा शाखा कार्यालय सञ्चालनमा रहेका वित्तीय संस्थाहरूले २०७७ असारभित्र उक्त शाखा बिक्री, बन्द वा स्थानान्तरण गरी सम्पूर्ण कार्यक्षेत्र एउटा प्रदेशभित्र सीमित गरी सक्नु पर्नेछ । प्रदेशस्तरका लागि तोकिएको चुक्ता पुँजी पूरा नगरेका वित्तीय संस्थाहरूले एक भन्दा बढी प्रदेशमा रहेका शाखा कार्यालय बिक्री, बन्द वा स्थानान्तरण नगरेसम्म आफ्नो प्रदेशका बाँकी जिल्लामा कार्यक्षेत्र विस्तार गर्न नपाउने परिपत्रमा उल्लेख छ । तर रु.५० करोड चुक्ता पुँजी पूरा गरेका ख वर्गका वित्तीय संस्थाहरू र रु.४० करोड चुक्ता पुँजी पूरा गरेका ग वर्गका वित्तीय संस्थाहरूले स्वीकृति प्राप्त गरी कुल ५ जिल्ला ननाघ्ने गरी एउटै प्रदेशभित्रका जोडिएका ५ जिल्लासम्म कार्यक्षेत्र विस्तार गर्न सक्नेछन् । विगतमा विशेष व्यवस्था बमोजिम एक जिल्ला कार्यक्षेत्र रहने गरी स्थापना भएका ख र ग वर्गका वित्तीय संस्थाहरूले तोकिए बमोजिमको न्यूनतम चुक्ता पुँजी २०७६ पुस मसान्तभित्र कायम गर्नुपर्ने व्यवस्था भने यथावत नै रहेको छ ।

वित्तीय संस्थाहरूले प्रादेशिकस्तर वा राष्ट्रियस्तरमा स्तरोन्नति हुने क्रममा चुक्ता पुँजी पूरा गर्ने प्रयोजनका लागि गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी कार्यलाई प्राथमिकता दिनुपर्ने परिपत्रमा उल्लेख छ ।

साथै, वित्तीय संस्थाहरू प्रादेशिकस्तरमा कारोबार सञ्चालन गरेको ५ वर्ष पूरा भएपछि मात्र तोकिएका अन्य शर्तहरू पूरा गरी राष्ट्रियस्तरमा स्तरोन्नति हुन सक्ने व्यवस्था गरिएको छ ।

२०७५ पुस मसान्तमा 'क' वर्गका २८ वटा, 'ख' वर्गका राष्ट्रियस्तरका ११, ४-१० जिल्लास्तरका १, १-५ जिल्लास्तरका २, १-३ जिल्लास्तरका १५ र १ जिल्लास्तरका ४ गरी ३३ वटा, 'ग' वर्गका राष्ट्रियस्तरका २१, १-३ जिल्लास्तरका २ र १ जिल्लास्तरका १ गरी २४ वटा तथा 'घ' वर्गका राष्ट्रियस्तरका ३१, १० जिल्ला बढी कार्यक्षेत्र भएका ११, ४-१० जिल्ला कार्यक्षेत्र भएका २६, ५ जिल्ला कार्यक्षेत्र भएका १ र १-३ जिल्ला कार्यक्षेत्र भएका २ गरी ७१ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

*सम्पादक*
रामकाजी खाइजू

*सम्पादन सहयोगी*
सुधा थापा विष्ट
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५५१८